# हलेसी तुवाचुङ नगरपालिका

दुर्छिम, खोटाङ

कोशी प्रदेश

नेपाल

स्थानीय राजपत्र

खण्डः ८ संख्याः मितिः २०८१/०७/३०

## भाग-२

# सार्वजनिक निजी साझेदारी नियमावली,२०८१

# हलेसी तुवाचुङ्ग नगरपालिकाको सार्वजनिक निजी साझेदारी नियमावली, २०८१

नगरपालिकाको राजपत्रमा प्रकाशित मिति

सम्वत २०८१ साल कार्तिक महिनाको गते ३०

सम्वत २०८१ सालको नियमावली नं १

हलेसी तुवाचुङ्ग नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०८१ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाले यो नियमावली बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "हलेसी तुवाचुङ नगरपालिकाको सार्वजनिक निजी साझेदारी नियमावली, २०८१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा हलेसी तुवाचुङ नगरपालिकाको सन्दर्भमा यस नियमावलीमा,

(क) **"ऐन"** भन्नाले "हलेसी तुवाचुङ नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०८०"

(ख) **"नगरपालिका"** भन्नाले हलेसी तुवाचुङ नगरपालिका सम्झनु पर्दछ ।

(ग) **"परियोजना"** भन्नाले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारीमा लगानी गरी कार्यान्वयन गरिने पूर्वाधार संरचना सम्बन्धी परियोजना सम्झनु पर्दछ । सो शब्दले सार्वजनिक निजी साझेदारीमा संचालन र व्यवस्थापन गरिने सार्वजनिक सेवा प्रवाह गर्ने वा सार्वजनिक महत्वका कार्य समेतलाई जनाउंदछ ।

(घ) **"मनसायपत्र"** भन्नाले सार्वजनिका निजी साझेदारीका परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा निजी क्षेत्रका संस्थाले औपचारिक रुपमा आफ्नो संस्थाको मनसाय, इच्छा वा स्वीकृति प्रस्तुत गरेको व्याख्या सहितको मनसायपत्र सम्झनु पर्छ ।

(ङ) **"रोयल्टी"** भन्नाले सार्वजनिक निजी साझेदारी अन्तर्गतको स्वीकृत परियोजना संचालनबाट हुने आय वा परियोजनाका कारणले हुने आयको सम्झौता बमोजिम नगरपालिकालाई प्राप्त हुने गरी निश्चित अंशको रकम सम्झनु पर्दछ ।

(च) **"वडा"** भन्नाले हलेसी तुवाचुङ नगरपालिकाको सम्बन्धित वडा सम्झनु पर्छ ।

(छ) **"शुल्क"** भन्नाले अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग लिन पाउने सेवा शुल्क सम्झनु पर्छ ।

(ज) **"समिति"** भन्नाले ऐनको दफा ६३ बमोजिम गठित सार्वजनिक निजी साझेदारी निर्देशन तथा प्रवर्द्धन समिति सम्झनु पर्दछ ।

(झ) **"सम्झौता"** भन्नाले सार्वजनिक निजी साझेदारी का परियोजना विभिन्न चरणमा कार्यान्वयन गर्ने क्रममा समिति र प्रस्तावक बीच गरिएको परियोजना सञ्चालनका शर्त उल्लिखित सम्झौता सम्झनु पर्छ ।

(ञ) **"सम्भाव्यता न्यून परिपूर्ति कोष"** भन्नाले आर्थिक रुपमा सम्भाव्य, औचित्यपूर्ण र दिगो हुने देखिएको तर विद्यमान स्थितिमा निजी क्षेत्रले लगानी गर्न नसक्ने अवस्थाका पूर्वाधार संरचनाको परियोजनाका लागि लगानीमा रहेको न्यूनता परिपूर्ति गर्नका लागि स्थापित कोष सम्झनु पर्दछ ।

(ट) **"सर्वेक्षण"** भन्नाले परियोजना कार्यान्वयन गर्नका लागि आवश्यक तथ्य प्रमाणको संकलन, विश्लेषण तथा संयोजन गर्न गरिने सर्वेक्षण सम्झनु पर्छ र सो शब्दले परियोजनाको सम्भाव्यता अध्ययन, इञ्जिनियरिङ्ग डिजाइन कार्य र त्यसका लागि गरिने अन्वेषण समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजना सम्बन्धी व्यवस्था

३. **परियोजनाको अद्यावधिक विवरण राख्नु पर्ने:** (१) नगर कार्यपालिकाको कार्यालयले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने परियोजना र सो सम्बन्धी तथ्यगत विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विवरण अद्यावधिक गर्दा नगर कार्यपालिकाको कार्यालयले नगरपालिका क्षेत्रभित्र सार्वजनिक निजी साझेदारीमा गरिने परियोजना लगानीका सम्भाव्य क्षेत्रको पहिचान गरी प्राथमिकताक्रम समेत तोक्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम नगरपालिका क्षेत्रभित्र परियोजना लगानीका लागि प्राथमिकताक्रम निर्धारण गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, योजना तथा कार्यक्रमका साथै नगरपालिकाको आवधिक योजना तथा विषयगत नीति, योजना तथा कार्यक्रमलाई आधार मान्नु पर्नेछ ।

४. **परियोजना पहिचान, स्वीकृति तथा प्रकाशन:** (१) ऐनको दफा ११ बमोजिम समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजनाको पहिचान गरी सूची तयार गरी राख्नु पर्नेछ र यस्तो सूची सार्वजनिक जानकारीका लागि प्रकाशित समेत गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको लगानीका प्राथमिकता क्षेत्र अनुसार पहिचान गरिएका परियोजनाको सूचीका आधारमा परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन नगरपालिकाले गर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रारम्भिक सम्भाव्यता अध्ययन गरिएका प्राथमिकताका परियोजनाको विस्तृत विवरण सहितको परियोजना बैंकको स्थापना समितिको प्रयोजनका लागि नगरपालिकाले गर्नेछ र यस्तो विवरण सार्वजनिक समेत गरिनेछ ।

(४) उपनियम (२) बमोजिम परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन गर्दा देहायका तथ्यगत विवरण सहितको प्रतिवेदन तयार गर्नु पर्नेछ:

(क) परियोजनाको नाम:

(ख) नगरपालिकाको आवधिक योजना वा बार्षिक कार्यक्रम एवम् प्राथमिकतामा परियोजना परेको विवरण,

(ग) ऐन को दफा ९ को उपदफा (१) र उपदफा (२) बमोजिम परियोजना कार्यान्वयन हुने तरिका र सोको आधार,

(घ) परियोजना कार्यान्वयनको समयवद्ध कार्यतालिका,

(ङ) परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुन सक्ने पुष्ट्याइं सहितको पर्याप्त आधार,

(च) परियोजनाका सम्बन्धमा यस अघि सर्वेक्षण भए वा नभएको,

(छ) परियोजनाको अनुमानित लागत,

(ज) परियोजनाको सर्वेक्षण भई कार्यान्वयनको चरणमा रहेको र कुनै कारणले कार्यसम्पन्न हुन नसकेको भए सोको यथार्थ विवरण र अवस्था,

(झ) परियोजनासंग सम्बन्धित आर्थिक, सामाजिक तथा वातावरणीय प्रभाव सम्बन्धी प्रारम्भिक विवरण,

(ञ) नगरपालिकाले आवश्यक देखेका अन्य विवरण ।

(५) उपनियम (३) बमोजिमको प्रतिवेदनका आधारमा नगर कार्यपालिकाले प्रतिस्पर्धात्मक वा प्राथमिकताको क्षेत्र छनौट गरी परियोजनाको सूची स्वीकृत गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम स्वीकृत परियोजनाको सूची सार्वजनिक जानकारीका लागि प्रकाशन गर्नु पर्नेछ ।

**५.** **मनसाययपत्र आव्हान गर्ने**: (१) ऐनको दफा १५ को उपदफा (१) बमोजिम समितिले परियोजनाको अध्ययन अनुमति प्राप्त गर्न, सर्वेक्षण गर्न वा कार्यान्वयन गर्न इच्छुक लगानीकर्तालाई कम्तीमा पन्ध्र दिनभित्र मनसायपत्र र सोसंग सम्बन्धित कागजात पेश गर्न राष्ट्रियस्तर तथा स्थानीयस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्नु पर्नेछ र त्यस्तो सूचना नगरपालिकाको आधिकारिक वेबसाइटमा समेत राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको मनसायपत्र आव्हान गर्दाको सूचनामा ऐनको दफा १५ मा उल्लिखित विवरणका अतिरिक्त देहायका विवरण खुलाउनु पर्नेछः

(क) परियोजनाको सम्भाव्यता अध्ययन, सर्वेक्षण वा विस्तृत डिजाइन गरिएको भए सोको संक्षिप्त विवरण,

(ख) परियोजनाको सम्भाव्यता अध्ययन नभएको भए आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय तवरले परियोजना सम्भाव्य हुनसक्ने तथा कार्यान्वयन हुन सक्ने आधार,

(ग) परियोजना कार्यान्वयन गर्दा कुनै सुविधा वा सहुलियत दिन सकिने भए सोको विवरण,

(घ( परियोजना कार्यान्वयनको तरिका,

(ङ) मनसायपत्र खोलिने मिति, समय र स्थान,

(च) विद्युतीय माध्यमबाट पेश गर्न सकिने (इ-सब्मिस्सन) कागजात वा विवरण,

(छ) मनसायपत्र छनौट हुने आधार,

(ज) मनसायपत्रमा निर्णय गरिसक्ने मिति,

(झ) परियोजनाको प्रकृति अनुसार आवश्यक पर्ने अन्य कागजात र विवरण ।

(३) उपनियम (१) बमोजिमको सूचनामा उल्लिखित म्याद परियोजनाको प्रकृति अनुसार नगर कार्यपालिकाले बढीमा पन्ध्र दिनसम्मको अवधि थप गर्न सक्नेछ ।

६. **परियोजना प्रस्तुतीकरण गराई मनसायपत्र वा प्रस्ताव माग गर्न सकिनेः** (१) नियम ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले गर्ने लगानी प्रवर्द्धन सम्मेलनमा परियोजनाको प्रस्तुतीकरण( (शो केस) गरी मनसायपत्र वा प्रस्ताव माग गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम प्रस्तुतीकरण गर्दा नियम को उपनियम बमोजिमको विवरण लगानीकर्तालाई सार्वजनिक निजी साझेदारी एकाइले उपलब्ध गराउनेछ ।

(३) उपनियम (१) बमोजिम मनसायपत्र वा प्रस्ताव आव्हान गरी परियोजना छनौट गर्ने सम्बन्धी अन्य प्रक्रियागत व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **मनसायपत्र पेश गर्नेः** (१ इच्छुक लगानीकर्ताले मनसायपत्र सम्बन्धी कागजात नगर कार्यपालिका कार्यालयबाट प्राप्त गरी वा सम्बन्धित वेबसाइट मार्फत डाउनलोड गरी मनसायपत्र आव्हान सम्बन्धी सूचनामा उल्लिखित कुराहरुका आधारमा मनसायपत्र र सोसंग सम्बन्धित कागजात तथा विवरण तयार गरी समितिमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मनसायपत्र पेश गर्दा सम्बन्धित व्यक्ति वा संस्थाले देहायका विषय खुलाउनु पर्नेछः

(क) मनसायपत्र पेश गर्ने व्यक्ति वा संस्थाको विवरण,

(ख) परियोजना कार्यान्वयन गर्न सक्ने वित्तीय, व्यवस्थापकीय तथा प्राविधिक क्षमता एवम् दक्षता,

(ग) परियोजना कार्यान्वयनको व्यावसायिक योजना,

(घ) परियोजना कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय साधन उपलब्ध हुने स्रोत,

(ङ) परियोजनाको सम्भाव्यता अध्ययन भइनसकेको भए प्रस्तावित परियोजना आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय रुपमा सम्भाव्य हुन सक्ने आधार,

(च) अन्य आवश्यक कुरा ।

(३) उपनियम (१) बमोजिम मनसायपत्र पेश गर्दा लगानीयकर्ताले संस्था भएमा पांच हजार रुपैयां र व्यक्ति भएमा एक हजार रुपैयां दस्तुर बापत नगरपालिकाले तोकेको बैंक खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मनसायपत्र पेश गर्ने निवेदक छनौट भएमा निजले लगानी स्वीकृतिका लागि छुट्टै दस्तुर बुझाउनु पर्ने छैन ।

(५) उपनियम (१) बमोजिम मनसायपत्र पेश हुन आएमा समितिले छुट्टै दर्ता किताबमा दर्ता गरी राख्नु पर्नेछ र सोको निस्सा सम्बन्धितलाई दिनु पर्नेछ ।

(६) उपनियम (१) बमोजिम पेश भई दर्ता भएका मनसायपत्र सम्बन्धित लगानीकर्ता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा मनसायपत्र आव्हान सम्बन्धी सूचनामा तोकिएको मिति, समय र स्थानमा खोली मुचुल्का गरी मूल्याङ्कनका लागि पेश गर्नु पर्नेछ ।

तर, यसरी तोकिएको मिति, समय र स्थानमा मनसायपत्र पेश गर्ने लगानीकता वा निजको प्रतिनिधि उपस्थिति नभएको कारणले मात्र मनसायपत्र खोल्न बाधा पर्ने छैन ।

८. **मनसायपत्र दाता संग पूर्व छलफल गर्न सक्नेः** (१) समितिले मनसायपत्रदातासंग मनसायपत्रका सम्बन्धमा पूर्वछलफल गरी आवश्यक विषयमा स्पष्ट जानकारी प्राप्त गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पूर्वछलफल गर्दा मनसायपत्रदातासंग गरिने छलफलको मिति, समय र स्थान तोकी पूर्वजानकारी गराउनु पर्नेछ ।

९. **मनसाय पत्र फिर्ता, संशोधन वा पुनःसूचना प्रकाशन गर्ने:** (१) कुनै निवेदकले पेश गरेको मनसायपत्र फिर्ता पाउं भनी समितिमा निवेदन दिएमा वा समितिले त्यसरी पेश भएको मनसायपत्र फिर्ता गर्न आवश्यक देखेमा सोको कारण खुलाई निजले पेश गरेको मनसायपत्र र सोसंग सम्बन्धित कागजात एवम् विवरण सम्बन्धित निवेदकलाई फिर्ता गर्न सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय माध्यमबाट पेश भएको मनसायपत्र फिर्ता गर्नु पर्ने छैन र सम्बन्धित निवेदकलाई सो कुराको जानकारी मात्र दिए पुग्छ ।

(३) कुनै कारणवश मनसायपत्र वा सोसं सम्बन्धित कागजातमा संशधोधन गर्नु पर्ने देखिएमा समितिले त्यसरी संशोधन भएको व्यहोराको सूचना प्रकाशन गरी आवश्यकता अनुसार मनसायपत्र पेश गर्ने म्याद बढीमा पन्ध्र दिनसम्मका लागि थप गर्न सक्नेछ ।

१०. **मनसायपत्रको मूल्याङ्कन तथा छनौट गर्ने:** (१) नियम ७ बमोजिम समितिमा पेश भएका मनसायपत्रको मूल्याङ्कन नियम २१ बमोजिमको मूल्याङ्कन उपसमितिले गर्नेछ ।

(२) मूल्याङ्कन उपसमितिले नगर कार्यपालिकाले समितिले कुनै परियोजनाको लागि मनसायपत्रको मूल्याङ्कनको विधि, शर्त र तरिका निर्धारण गरेको भए सोही आधारमा मूल्याङ्कन गरी निर्णयका लागि आधार हुने गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै विधि, शर्त र तरिका निर्धारण नगरिएको अवस्थामा समितिले मनसायपत्र आव्हान सम्बन्धी कागजातमा उल्लिखित छनौटका आधार बमोजिम मनसायपत्र पेश गर्ने लगानीकर्ताको प्राविधिक तथा आर्थिक क्षमता र अनुभवलाई आधार मानी मूल्याङ्कन गराउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको मूल्याङ्कनका लागि एक सय अङ्कमा नबढ्ने गरी परियोजनाको प्रकृति अनुसार देहायका विषयमा देहाय बमोजिम अङ्कभार कायम गरी सो बमोजिमको अङ्क दिइनेछः

(क) प्राविधिक क्षमता बापत तीस देखि पचास अङ्कसम्म,

(ख) आर्थिक क्षमता वापत बीस देखि चालीस अङ्कसम्म,

(ग) सम्बन्धित क्षेत्रको अनुभव वापत दश देखि बीस अङ्कसम्म ।

(५) उपनियम (४) बमोजिम मूल्याङ्कन गर्दा देहायका आधारमा गरिनेछः

(क) मनसायपत्रदाताको प्राविधिक क्षमताको मूल्याङ्कन गर्दा मनसायपत्रमा उल्लिखित परियोजनाको कार्यान्वयनका लागि कुनै यन्त्र, उपकरण, फर्मुला, बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार, विशिष्टता वा विशेषज्ञ जनशक्ति आवश्यक पर्ने भए निवेदकसंग रहेको त्यस्तो यन्त्र, उपकरण, फर्मुला, बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार, विशिष्टता वा विशेषज्ञ जनशक्ति,

(ख) मनसायपत्रदाताको आर्थिक क्षमताको मूल्याङ्कन गर्दा परियोजनाको सर्वेक्षण, सन्चालन तथा मर्मत सम्भारको लागि आवश्यक आर्थिक क्षमता भए वा नभएको र त्यस्तो मनसायपत्रदाता संस्था भए सोको वित्तीय विवरणका आधारमा त्यस्तो संस्थाको वित्तीय स्रोतबाट परियोजनाका लागि व्यहोर्ने रकम, ऋण वा इक्विटी रकम,

(ग) मनसायपत्रदाताको अनुभवको मूल्याङ्कन गर्दा निजले कुनै परियोजनाको निर्माण वा सन्चालन वा कार्यान्वयन गरेको र त्यस्तै प्रकृतिको अन्य परियोजनाको निर्माण वा सन्चालन वा कार्यान्वयन गरेको अनुभव,

(घ) परियोजनालाई बढी सम्भाव्य बनाउन पेश गरिएका अन्य आवश्यक तथ्यगत विवरण ।

(६) उपनियम (५) बमोजिम मूल्याङ्कन गर्दासाठी प्रतिशत वा सोभन्दा बढी अंक प्राप्त गर्ने मनसायपत्रदाता मध्येबाट अधिकतम अंक प्राप्त गर्ने बढीमा तीनवटा मनसायपत्रदाताको संक्षिप्त सूची तयार गरी छनौटका लागि सिफारिससहितको प्रतिवेदन मूल्याङ्कन उपसमितिले प्रस्तुत गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम पेश गरिएको प्रतिवेदनका आधारमा समितिले संक्षिप्त सूची स्वीकृत गर्नु पर्नेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लगानी प्रवर्द्धन गर्ने सन्दर्भमा समितिको निर्णय अनुसार प्रस्तुतीकरण गरिएको परियोजनाको लागि पेश हुन आएका मनसायपत्रको छनौट त्यस्तो प्रस्तुती गर्दा उल्लेख गरिएका शर्तका आधारमा गर्नु पर्नेछ ।

(९) यस नियम बमोजिम आव्हान गरिएको सूचनामा एक मात्र मनसायपत्र प्राप्त हुन आएमा पनि मनासिव माफिकको कारण खुलाई त्यस्तो मनसायपत्र मूल्याङ्कन गर्न सकिनेछ ।

**११. संक्षिप्त सूची प्रकाशन गर्नेः** (१) नियम १० बमोजिमको मूल्याङ्कनका आधारमा संक्षिप्त सूची समितिले स्वीकृत गरी प्रकाशित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम संक्षिप्त सूची प्रकाशन भएको मितिले सात दिनभित्र सोको जानकारी सम्बन्धितलाई दिनु पर्नेछ ।

**१२. प्रस्ताव आव्हान गर्नेः** (१) ऐनको दफा १७ बमोजिम प्रस्थाव आव्हान गर्दा समितिले नियम बमोजिमको संक्षिप्त सूचीमा समावेश भएका लगानीकर्ताबाट प्रतिस्पर्धाका आधारमा परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा देहायका कुराहरु खुलाई कम्तीमा एक्काईस दिनको म्याद दिई स्थानीय भाषा र नेपाली भाषामा तथा सम्भव भएसम्म अंग्रेजी भाषामा स्थानीय तथा राष्ट्रियस्तरका दैनिक पत्रिकामा प्रस्ताव आव्हानको सूचना प्रकाशन गर्नु पर्नेछः

(क) प्रस्तावका लागि सम्बन्धित कागजात उपलब्ध हुने कार्यालय,

(ख) प्रस्ताव पेश गर्दा लाग्ने सेवा शुल्क र दस्तुरको रकम,

(ग) प्रस्ताव पेश गर्ने तरिका,

(घ) प्रस्ताव पेश गर्ने अन्तिम मिति, समय र स्थान,

(ङ) प्रस्ताव मूल्याङ्कनका आधार,

(च) प्रस्ताव उपर निर्णय गरिसक्ने समय,

(छ) अन्य आवश्यक विषय ।

(२) उपनियम (१) बमोजिमको सूचना नगरपालिकाको वेबसाइटमा समेत राखिनेछ ।

**१३. प्रस्ताव सम्बन्धी कागजात तथा विवरण तयार गर्नु पर्नेः** (१) नियम १२ बमोजिम प्रस्ताव आव्हान गर्नुपूर्व समितिले प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव सम्बन्धी छुट्टाछुट्टै कागजात तयार गरी स्वीकृत गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रस्ताव सम्बन्धी कागजातमा नगरपालिकाको छाप लगाई प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

**१४. प्रस्तावक संग पूर्व छलफल गर्नेः** (१) नियम १२ मा तोकिएको प्रस्ताव पेश गर्ने समय अगावै समितिले प्रस्तावकसंग प्रस्तावका सम्बन्धमा पूर्वछलफल गरी आवश्यक विषयमा स्पष्ट जानकारी प्राप्त गर्न तथा स्पष्ट पार्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पूर्वछलफल गर्दा प्रस्तावकसंग गरिने छलफलको मिति, समय र स्थान तोकी पूर्वजानकारी गराउनु पर्नेछ ।

**१५. प्रस्ताव पेश गर्नेः** (१) ऐन र यस नियमावली बमोजिम लगानी गर्न इच्छुक प्रस्तावकले प्रस्ताव सम्बन्धी कागजात प्राप्त गरी सोमा उल्लिखित विवरण तथा देहायका कुरा समेत खुलाई प्राविधिक तथा आर्थिक प्रस्ताव छुट्टाछुट्टै सीलबन्दी गरी तोकिएको मिति र समयभित्र तोकिएको स्थानमा पेश गर्नु पर्नेछः

(क) परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययनको प्रतिवेदन,
(ख) परियोजनाको प्राविधिक डिजाइन र त्यसको दिगोपना स्पष्ट हुने पुष्ट्याइं,
(ग) परियोजनाको अनुमानित लागत,
(घ) परियोजना लगानीका लागि वित्तीय स्रोत,
(ङ) परियोजना कार्यान्वयनको व्यावसायिक योजना,
(च) परियोजना सम्वद्ध सम्भाव्य जोखिमको पहिचान र समाधानका उपाय,
(छ) परियोजनाको प्रारम्भिक वातावरण अध्ययन सम्पन्न भएकोमा सोको प्रतिवेदन वा नभएकोमा अध्ययन गर्ने योजना,
(ज) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासंग लिने शुल्क र तत्सम्बन्धी अन्य आवश्यक कुरा,
(झ) उर्जा सम्बनधी परियोजना कार्यान्वयन गर्दा नगरपालिकालाई बुझाउने अनुसूची २ बमोजिमको रोयल्टीको दर र भुक्तानी गर्ने रकमको किस्ताबन्दी अंक,
(ञ) नगरपालिकाबाट अपेक्षित सुविधा तथा सहुलियत वा नगरपालिकालाई दिन प्रस्ताव गरिएका आर्थिक फाइदा,
(ट) सम्झौताको प्रस्तावित अवधि ।

(२) लगानीकर्ताले प्रस्ताव सम्बन्धी कागजात खरिद गर्दा अनुसूची २ बमोजिमको शुल्क नगरपालिकाले तोकेको बैंक खातामा जम्मा गरी सोको निस्सा समेत प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पेश हुन आएका प्रस्ताव समितिले छुट्टै अभिलेख कायम हुने गरी दर्ता किताबमा दर्ता गरी सुरक्षित राख्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम पेश हुन आएका प्रस्ताव प्रस्तावक वा निजको प्रतिनिधिको रोहवरमा मुचुल्का उठाई सूचनामा तोकिएको मिति, स्थान र समयमा मूल्याङ्कन उपसमितिले खोल्नु पर्नेछ ।

तर, प्रस्तावक वा निजको प्रतिनिधि अनुपस्थित भएको कारणले मात्र प्रस्ताव खोल्न बाधा पुगेको मानिने छैन ।

**१६. प्रस्ताव फिर्ता गर्ने, संशोधन गर्ने वा पुनःसूचना जारी गर्नेः** (१) कुनै निवेदकले पेश गरेको प्रस्ताव फिर्ता पाउं भनी प्रस्ताव खोल्नु अगावै समितिसमक्ष निवेदन निवेदन दिएमा वा समितिले त्यसरी पेश भएको प्रस्ताव फिर्ता गर्न आवश्यक देखेमा सोको कारण खुलाई निजले पेश गरेको पैस्ताव र सोसंग सम्बन्धित कागजात सम्बन्धित निवेदकलाई फिर्ता गर्न सक्नेछ ।

(२) कुनै कारणवश प्रस्ताव वा सोसंग सम्बन्धित कागजातमा संशोधन गर्नु पर्ने भएमा समितिले कारण सहित त्यसरी संशोधन भएको व्यहोराको सूचना प्रकाशन गरी आवश्यकता अनुसार प्रस्ताव पेश गर्ने म्याद थप गर्न सक्नेछ ।

१७. **प्रस्तावको मूल्याङ्कन तथा छनौट गर्ने:** (१) नियम १५ बमोजिम समितिमा पेश हुन आएका प्रस्तावको मूल्याङ्कन नियम २१ बमोजिमको मूल्याङ्कन उपसमितिले गर्नेछ ।

(२) मूल्याङ्कन उपसमितिले समितिले कुनै परियोजनाको लागि प्रस्ताव मूल्याङ्कनको विधि, शर्त तथा तरिका निर्धारण गरेको आधारमा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) मूल्याङ्कन उपसमितिले यस नियम बमोजिम प्रस्ताव मूल्याङ्कन गर्दा सर्वप्रथम प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछ ।

(४) मूल्याङ्कन उपसमितिले ऐनको दफा १९ को उपदफा (१) मा उल्लिखित आधारका अतिरिक्त देहायका आधारमा प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछः

(क) प्रस्तावकको प्राविधिक क्षमता तथा सम्बन्धित क्षेत्रको कार्यअनुभव,

(ख) प्रस्तावित जनशक्तिको कार्यक्षमता तथा सम्बन्धित क्षेत्रको कार्यअनुभव,

(ग) परियोजना कार्यान्वन तथा सन्चालन सम्बन्धी संगठनात्मक व्यवस्था, विधि, प्रक्रिया तथा कार्यतालिका,

(घ) प्रस्तावकको आर्थिक हैसियत,

(ङ) परियोजनाको आधारभूत इन्जिनियरिंग डिजाइन,

(च) परियोजनाको कार्यान्वयनबाट वातावररणमा पर्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्न अपनाइने उपाय,

(छ) परियोजनाको सामाजिक उत्तरदायित्व र बहन गर्ने तरिकाः

(ज) परियोजनालाई बढी सम्भाव्य तथा दिगो बनाउन पेश गरिएका अन्य आवश्यक विषय ।

(५) यस नियम बमोजिम प्राविधिक प्रस्ताव छनौट हुन कम्तीमा पचास प्रतिशत अंक प्राप्त गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम पचार प्रतिशत अंक प्राप्त नगने प्रस्तावकको मूल्याङ्कन उपसमितिले छुट्टै सूची तयार गरी प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(७) मूल्याङ्कन उपसमितिले मूल्याङ्कन कार्य शुरु गरेको मितिले पैतालिस दिनभित्र प्राविधिक प्रस्ताव छनौट सम्बन्धी प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोमि पेश भएको प्रतिवेदन समेतको आधारमा समितिले प्राविधिक प्रस्ताव छनौट तथा स्वीकृत गर्नेछ ।

(९) उपनियम (८) बमोजिम प्राविधिक प्रस्ताव छनौट गरिएको प्रस्तावकलाई समितिले सात दिनभित्र आर्थिक प्रस्ताव खोल्ने सूचना सहितको जानकारी पठाउनु पर्नेछ ।

(१०) कुनै प्रस्तावकको प्राविधिक प्रस्ताव स्वीकृत नभएमा समितिले त्यस्तो प्रस्तावकलाई सोको जानकारी सहित निजले पेश गरेको आर्थिक प्रस्ताव फिर्ता दिनु पर्नेछ ।

(११) उपनियम (९) बमोजिम पठाइएको सूचनामा तोकिएको मिति, समय र स्थानमा मूल्याङ्कन उपसमितिले आर्थिक प्रस्ताव खोली देहायको आधारमा मूल्याङ्कन गर्नेछः

(क) परियोजनाको लागत रकम (रुपैयांमा):

(ख) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासंग लिने प्रस्तावित शुल्कः

(ग) नगरपालिकालाई बुझाउनु पर्ने रोयल्टी वा राजश्व तथा सो भुक्तानी गर्ने समय र तरिका,

(घ) परियोजना सम्झौताको प्रस्तावित अवधि,

(ङ) परियोजना प्रस्तावकले नगरपालिकाबाट अपेक्षा गरेको सुविधा, प्रोत्साहन तथा सहुलियत वा नगरपालिकालाई उपलब्ध गराउन प्रस्ताव गरिएका आर्थिक तथा अन्य लाभ,

(च) परियोजना सम्बन्धी अन्य महत्वपूर्ण विषय ।

(१२) उपनियम (११) बमोजिम मूल्याङ्कन उपसमितिले मूल्याङ्कन गरी तयार गरेको प्रतिवेदन समितिमा प्रस्तुत गर्नु पर्नेछ ।

(१३) उपनियम (१२) बमोजिम पेश गरिएको प्रतिवेदन समेतको आधारमा समितिले आर्थिक प्रस्ताव स्वीकृत गर्नेछ ।

(१४) उपनियम (१३) बमोजिम स्वीकृत भएको प्रस्तावको प्रस्तावकलाई समितिले सात दिनभित्र सोको जानकारी दिइसक्नु पर्नेछ ।

(१५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै परियोजनाको सम्बन्धमा प्रस्ताव मूल्याङ्कन गर्दा प्रस्ताव आव्हान सम्बन्धी कागजातमा तोकिएको विधि, शर्त तथा तरिका बमोजिम म”ल्याङ्कन गरिनेछ ।

(१६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संक्षिप्त सूचीमा परेका प्रस्तावको प्राविधिक वा आर्थिक पक्षको मात्र प्रतिस्पर्धा गराउने गरी मूल्याङ्कन गर्न सकिनेछ ।

(१७) कुनै कारणवस प्रस्ताव आव्हान सम्बन्धी सूचना रद्द भएमा पेश हुन आएका प्रस्ताव सम्बन्धित प्रस्तावकलाई फिर्ता दिनु पर्नेछ ।

(१८) उपनियम (१०) वा (१७) बमोजिम प्रस्ताव फिर्ता लिन आउने सूचना सम्बन्धित प्रस्तावकलाई दिनु पर्नेछ र त्यस्तो सूचना पाएको मितिले सात दिनभित्र प्रस्तावले प्रस्ताव फिर्ता लिनु पर्नेछ ।

(१९) उपनियम (१८) बमोजिमको म्यादभित्र कुनै प्रस्तावक आफूले पेश गरेको प्रस्ताव फिर्ता लिन नआएमा सम्बन्धित निकायले सोही व्यहोरा जनाई त्यस्तो प्रस्ताव सुरक्षित साथ राख्नु पर्नेछ ।

**१८. आव्हान नगरिएको प्रस्ताव सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा २२ बमोजिम सार्वजनिक सूचना जारी नगरेको अवस्थामा सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने गरी लगानीकर्ता स्वयंले पेश गरेको प्रस्तावलाई देहायको अवस्थामा प्रक्रियामा लैजान सकिनेछः

(क) नगरपालिकाले पहिचान नगरेको वा परियोजना सूचीमा नपरेको,

(ख) नयां अवधारणा, अन्वेषण तथा प्रविधि उपयोग वा प्रयोग हुने,

(ग) सार्वजनिक हित प्रवर्द्धन गर्न सक्ने गरी स्थानीय महत्व भएको भनी नगरपालिकाको नीति, योजना तथा कार्यक्रममा समावेश भएको,

(घ) प्रस्ताव आव्हान गरिएकोमा कुनै पनि प्रस्ताव प्राप्त नभएको वा प्रस्ताव छनौट हुन नसकेको,

(ङ) परियोजनाको सम्भाव्यता अध्ययनको सम्पूर्ण दायित्व निवेदक स्वयंले बहन गर्न मन्जूर गरेको,

(च) प्रोप्राइटरी सामग्री वा सामान मात्र प्रयोग हुने र निजी निकायसंग मात्र उपलब्ध हुन सक्ने सामान वा सामग्री उपयोग हुने परियोजना भएको,

(छ) समितिको सिफारिसमा नगरपालिकाले स्थानीय तहको रणनीतिक महत्वको परियोजना भनी निर्णय गरेको,

(ज) नियम  बमोजिम अनुमतिपत्र रद्द भएको परियोजना ।

(२) यस नियम बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले ऐनको दफा १५ को उपदफा (१) मा उल्लिखित विषयका अतिरिक्त उपनियम (१) बमोजिमको व्यहोरा पुष्ट्याई हुने कागजात तथा तथ्यगत विवरण पेश गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम प्रस्ताव पेश गर्दा सो वापत दश हजार रुपैइं दस्तुर नगरपालिकाको खाता रहेको बैंकमा उक्त खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(४) यस नियम बमोजिम पेश गरिएको प्रस्तावको सम्बन्धमा समितिले प्रस्तावकसंग छलफल गर्न, अध्ययन वा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्न, सो प्रयोजनको लागि सम्बन्धित विषयविज्ञको सहयोग लिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम विशेषज्ञ समिति वा कार्यदललाई जिम्मेवारी दिइएकोमा त्यस्तो समिति वा कार्यदलले सम्बन्धित प्रस्तावकसंग जानकारी लिई आवश्यक अध्ययन र विश्लेषण गर्नु पर्नेछ र सोको प्रारम्भिक अध्ययन प्रतिवेदन मूल्याङ्कनका लागि समिति समक्ष पेश गर्नु पर्नेछ ।

(६) यस नियम बमोजिमको प्रस्तावको मूल्याङ्कन गर्नु अघि समितिले त्यस्तो प्रस्तावका सम्बन्धमा यस नियमावली बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी वा सोझै तेस्रो पक्षसंग प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा तुलना गर्न सक्नेछ ।

(७) यस नियम बमोजिमको प्रस्तावका सम्बन्धमा सोको आवश्यकता, औचितय तथा उपयुक्तताको लेखाजोखा गरी समितिले त्यस्तो परियोजनाका लागि परियोजनाको अध्ययन तथा सर्वेक्षण अनुमति वा परियोजना विकास वा सन्चालनका लागि शर्त तथा प्रक्रिया तोकी स्वीकृति प्रदान गर्न सक्नेछ ।

(८) उपनियम (७) बमोजिम स्वीकृति प्रदान गरिएको प्रस्तावको प्रस्तावकसंग समितिले परियोजना कार्यान्वयनका लागि समझदारी गर्नेछ ।

(९) उपनियम (८) बमोजिम समितिले समझदारी गरेको प्रस्तावकले अध्ययन अनुमति प्राप्त गर्नु अघि कार्यसम्पादन जमानत वापत परियोजनाको लागत अनुमानको शून्य दशमलव दुई पांच प्रतिशतले हुन आउने रकम बराबरको बैंक जमानत पेश गर्नु पर्नेछ ।

(१०) सार्वजनिक निजी साझेदारी परियोजना विकासका क्रममा भएको प्रारम्भिक खर्च र अध्ययत तथा विकासको क्रममा भएको खर्चको शोधभर्ना गर्नु पर्ने भएमा समितिले त्यसरी भएको खर्च रकम प्रस्ताव स्वीकृत भएको प्रस्तावकबाट भराइ दिनेछ ।

**१९.** **<u>वार्ताद्वारा परियोजना कार्यान्वयन गर्ने सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा १७ बमोजिम वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न इच्छुक लगानीकर्ताले देहायका विवरण खुलाई समितिसमक्ष निवेदन दिनु पर्नेछः:

(क) लगानीकर्ताको नाम र ठेगाना,

(ख) निवेदक कम्पनी भए त्यस्तो कम्पनीको नाम, ठेगाना, कम्पनी संस्थापना भएको बर्ष, संगठनात्मक स्वरुप, प्रवन्धपत्र र नियमावली, स्वामित्वको स्वरुप तथा मुख्य कार्यालय रहेको स्थान,

(ग) कार्यान्वयन गर्न चाहेको परियोजनाको नाम र संक्षिप्त विवरण,

(घ) परियोजनाको उपादेयता र सम्भाव्यता सम्बन्धी विवरण,

(ङ) परियोजना कार्यान्वयन गर्न सक्ने निवेदकको आर्थिक तथा प्राविधिक क्षमता र अनुभवको प्रामाणिक कागजात,

(च) परियोजना कार्यान्वयनका लागि लगानीकर्तासंग भएका वा निजलाई उपलब्ध हुन सक्ने मेसिन, उपकरण र जनशक्ति,

(छ) परियोजनासंग सम्बन्धित अन्य आवश्यक कुरा ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा निवेदकले निवेदन दस्तुर बापत दश हजार रुपैयां नगरपालिकाको बैंक खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर प्रारम्भिक जांचबुझ गर्दा सो विषयमा थप कागजात वा विवरण माग गर्नु पर्ने देखिएमा समितिले निवेदकसंग त्यस्तो कागजात वा विवरण माग गर्न सक्नेछ ।

(४) उपनियम (१), (२) र (३) बमोजिम प्राप्त निवेदन तथा कागजात जांचबुझ गर्दा मूल्याङ्कन उपसमितिले त्यस्तो प्रस्तावक आर्थिक तथा प्राविधिक रुपमा सक्षम रहे नरहेको र परियोजना सम्भाव्य, उपयोगी र दिगो हुने नहुने कुराको म''ल्याङ्कन गरी सोको प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त भएको प्रतिवेदन समेतको आधारमा परियोजना सम्बन्धी प्रस्ताव वार्ताद्वारा कार्यान्वयन गर्न मनासिव देखिएमा समितिले त्यस्तो परियोजना वार्ताद्धारा कार्यान्वयन गर्नका लागि स्वीकृति प्रदान गर्न सक्नेछ ।

(६) यस नियम बमोजिम वार्ता गर्न समितिले आवश्यकता अनुसार विज्ञ सहितको वार्ता टोली गठन गर्न सक्नेछ ।

(७) ऐनको दफा १९ को उपदफा (१) बमोजिम वार्ताद्वारा परियोजना कार्यान्वयन गर्दा प्रस्तावित परियोजनाका सम्बन्धमा समितिले देहायका आधार र तथ्य समेतको लेखाजोखा गरी मूल्याङ्कन गर्नु पर्नेछः

(क) परियोजनाको सम्भाव्यता, उपयोगिता र दिगोपना,

(ख) परियोजना कार्यान्वयनबाट प्राप्त हुन सक्ने राजश्व र आय,

(ग) परियोजनाबाट नगरपालिकालाई कुनै आर्थिक दायित्व पर्ने वा नपर्ने,

(घ) परियोजनाबाट स्थानीय व्यक्तिलाई प्रत्यक्ष रोजगारी प्रदान गर्ने पक्ष,

(ङ) परियोजनाको अनुमानित लागत तथा कार्यान्वयनको पक्ष ।

**२०. अनुमतिपत्र सम्बन्धी व्यवस्थाः** (१) नियम १७ बमोजिम प्रस्ताव छनौट तथा स्वीकृति प्रदान भएपछि समितिले प्रस्तावकसंग परियोजना कार्यान्वयनका सम्बन्धमा आवश्यकता अनुसार देहायको विषयका शर्तका आधारमा समझदारी गरी सर्वेक्षण अनुमति प्रदान गर्नेछः

(क) प्राविधिक तथा आर्थिक विषय,

(ख) प्रारम्भिक सम्भाव्यता अध्ययन तथा विस्तृत सम्भाव्यता अध्ययन,

(ग) व्यावसायिक योजना र कार्यान्वयन गर्ने क्षमता,

(घ) परियोजनामा प्रयोग हुने प्रविधि, यन्त्र, उपकरण तथा जनशक्ति,

(ङ) परियोजनाबाट प्राप्त हुने सम्भाव्य आर्थिक तथा अन्य लाभ,

(च) वातावरणीय, प्राकृतिक विपद तथा सामाजिक अध्ययन,

(छ) सर्वेक्षण सम्पन्न गरिसक्ने अवधि,

(ज) स्थानीय कम्पनी दर्ता सम्बन्धी,

(झ) लगानी स्वीकृति लिनु पर्ने,

(ञ) परियोजना सम्पन्न गर्ने कार्ययोजना सहितको कार्यतालिका,

(ट) अन्य महत्वपूर्ण शर्त ।

(२) उपनियम (१) बमोजिम गरिने समझदारीपत्रमा अनुसूची ३ बमोजिमका विवरण उल्लेख गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको सर्वेक्षण अनुमतिपत्र प्रदान गर्नुपूर्व लगानीकर्ताले अनुसूची ४ बमोजिमको दस्तुर नगरपालिकाको बैंक खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम सर्वेक्षण अनुमतिपत्र प्रदान गर्ने निर्णय भएको मितिले सात दिनभित्र समितिले निवेदकलाई सो कुराको जानकारी दिनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिमको सर्वेक्षण अनुमतिपत्र प्रदान गर्नुपुर्व निवेदकसंग कुनै समझदारी वा सम्झौता भएको भए निवेदकले त्यस्तो समझदारी वा सम्झौता समितिमा पेश गर्नु पर्नेछ ।

(६) कुनै लगानीकर्ताले समितिले तोकेको म्यादभित्र अनुमतिपत्र लिन आउन नसकेको मनासिव कारण देखाई म्याद थपका लागि निवेदन दिएमा सम्बन्धित निकायले आवश्यकता अनुसार म्याद थप गर्न सक्नेछ ।

(७) यस नियम बमोजिम दिइने सर्वेक्षण अनुमतिपत्रको ढांचा अनुसूची ५ बमोजिम हुनेछ ।

(८) उपनियम (१) बमोजिमको सर्वेक्षण अनुमतिपत्र सोही उपनियम बमोजिमको समझदारीपत्रमा उल्लिखित अवधिसम्म बहाल रहनेछ ।

(९) उपनियम (१) बमोजिमको सर्वेक्षण अनुमतिपत्रको म्याद समाप्त भएकोमा सम्बन्धित प्रस्तावकले त्यसरी म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र आधार र कारण सहित म्याद थपको लागि समिति समक्ष निवेदन दिन सक्नेछ ।

(१०) उपनियम (९) बमोजिम सम्बन्धित प्रस्तावकबाट सर्वेक्षण अनुमतिपत्रको म्याद थपको लागि निवेदन प्राप्त भएकोमा समितिले अनुसूची ४ बमोजिमको दस्तुर लिई त्यस्तो सर्वेक्षण अनुमतिपत्रको म्याद थप गर्न सक्नेछ ।

**२१. मूल्याङ्कन उपसमितिको गठनः** (१) ऐन र नियमावली बमोजिम कुनै परियोजनाको अध्ययन, सर्वेक्षण, विकास, निर्माण, सन्चालन तथा विस्तारका लागि मनसायपत्र, प्रस्ताव लगायत अन्य कुनै निवेदन वा प्रतिवेदनका सम्बन्धमा त्यस्ता विषयको लेखाजोखा, विश्लेषण तथा मूल्याङ्कन गर्न समितिले देहाय बमोजिमको मूल्याङ्कन उपसमिति गठन गरी जिम्मेवारी दिनेछः

(क) ऐनको दफा ६३ को खण्ड (ज) बमोजिमको समितिको विज्ञ सदस्य — संयोजक

(ख) नगरपालिकाले तोकेको परियोजनासंग सम्बन्धित विषयको नगरपालिका क्षेत्रभित्रका नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारको कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत कर्मचारी — सदस्य

(ग) नगरपालिकाको अधिकृतस्तरको प्राविधिक कर्मचारी — सदस्य
(घ) नगरपालिकाले तोकेको कानुन अधिकृत — सदस्य
(ङ) नगरपालिकाले तोकेको अधिकृतस्तरका कर्मचारी — सचिव

(२) मूल्याङ्कन उपसमितिको अन्य काम, कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ ।

(३) मूल्याङ्कन उपसमितिले कुनै परियोजना वा विषयमा गरेको मूल्याङ्कनको प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपसमितिका सदस्यले आर्थिक तथा प्राविधिक विषयमा स्वार्थको द्वन्द्व हुने गरी कुनै पनि कार्य गर्नु गराउनु हुंदैन ।

## परिच्छेद ३
## लगानी स्वीकृति तथा निजी लगानी

२२. **लगानी स्वीकृति सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ४३ र ४४ बमोजिम कुनै परियोजनामा लगानी गर्न इच्छुक लगानीकर्ताले लगानी स्वीकृतिका लागि समिति समक्ष अनुसूची ६ बमोजिमको ढांचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा लगानीकर्ताले दस्तुर वापत पांच हजार रुपैयां नगरपालिकाको बैंक खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको निवेदनसाथ लगानीकर्ताले देहायको विवरण सहित प्रस्ताव पेश गर्नु पर्नेछः:

(क) निजी लगानीमा कार्यान्वयन हुने परियोजनाको हकमा परियोजनाको नाम, प्रकृति, स्थान र परियोजनाको अवधारणा सम्बन्धी विवरण,
(ख) परियोजना तयार गर्न लाग्ने अनुमानित लागतको विवरण,
(ग) स्वदेशी वा विदेशी पुंजी वा वैदेशिक ऋण भए सोको अनुमानित अंश समेत खुलाएको परियोजनाको प्रस्तावित वित्तीय स्रोतको विवरण,
(घ) निवेदक कम्पनी वा संस्थाको अद्यावधिक शेयर लगत,
(ङ) परियोजना कार्यान्वयनको व्यावसायिक योजना,
(च) परियोजना कार्यान्वयन गर्ने कार्ययोजना र कार्यतालिका,
(छ) परियोजना कार्यान्वयनका सन्दर्भमा आइपर्ने सम्भाव्य जोखिमको अनुमान र जोखिम न्यूनीकरणका उपाय,
(ज) अन्य आवश्यक विवरण ।

(४) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको हकमा उपनियम (१) बमोजिम दिइने निवेदन साथ उपनियम (३) बमोजिमको विवरणको अतिरिक्त सो परियोजना विकास र सन्चालन गर्न समितिबाट निवेदक छनौट भएको विवरण समेत पेश गर्नु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएकोमा समितिले त्यस्तो निवेदन प्राप्त भएको मितिले सात दिनभित्र निवेदन साथ प्राप्त कागजात तथा प्रस्ताव अध्ययन गरी प्रस्तावित परियोजनाको आवश्यकता तथा औचित्य विचार गरी लगानी स्वीकृति दिनु पर्नेछ ।

## परिच्छेद ४
## परियोजना सम्झौता र कार्यान्वयन

२४. **परियोजनाको विवरण पेश गर्नु पर्ने:** (१) ऐनको दफा २४ बमोजिम परियोजना कार्यान्वयन गर्ने समझदारी भएकोमा समझदारीमा उल्लिखित अवधिभित्र प्रस्तावकले परियोजना कार्यान्वयन गर्न देहायका विवरण समितिमा पेश गर्नु पर्नेछः

(क) परियोजनाको सम्भाव्यता अध्ययन,

(ख) परियोजनाको अनुमानित लागत,

(ग) परियोजना लगानीका लागि प्रस्तावित वित्तीय स्रोत,

(घ) परियोजना कार्यान्वयनको व्यावसायिक योजना,

(ङ) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(च) परियोजना कार्यान्वयन भएपछि त्यसका उपभोक्ताबाट असुल गरिने अनुमानित महसूल वा सेवा शुल्कको विवरण,

(छ) परियोजना कार्यान्वयन पश्चात नगरपालिकालाई बुझाउनु पर्ने रोयल्टी वा शुल्कको अनुमानित विवरण,

(ज) परियोजनाको प्राविधिक डिजाइन र सोको दिगोपना,

(झ) परियोजना कार्यान्वयनका क्रममा आइपर्ने जोखिम तथा त्यस्तो जोखिम न्यूनीकरणका लागि अवलम्वन गरिने उपाय,

(ञ) समझदारीपत्रमा कुनै कुरा उल्लेख भएकोमा सो कुरा ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र विवरण पेश गर्न नसकेको मनासिव माफिकको कारण खुलाई प्रस्तावकले अवधि थप गर्नका लागि समिति समक्ष अनुरोध गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुरोध भई आएमा समितिले त्यस्तो विवरण पेश गर्न बढीमा पन्ध्र दिनसम्मको अवधि थप गरिदिन सक्नेछ ।

२५. **परियोजना सम्झौता सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा २७ को उपदफा (१) बमोजिम सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने गरी परियोजना विकास सम्झौता भएमा अनुसूची ८ बमोजिम र परियोजना लगानी सम्झौता भएमा अनुसूची ९ बमोजिमको ढांचामा स्वीकृतिका लागि समितिमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्झौताको मस्यौदा तयार गदा वार्ता समितिले कुनै विशेषज्ञ सेवा लिन आवश्यक ठानेमा समितिको स्वीकृतिमा विशेषज्ञको परामर्श सेवा लिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको सम्झौतामा परियोजना कार्यान्वयनको अवधि उल्लेख गरी त्यस्तो अवधिभित्र कार्यसम्पन्न गर्न परियोजना कार्यान्वयनका सूचक वा उपलब्धिको नतिजामूलक कार्यतालिका समेत उल्लेख गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको सम्झौताको अन्तिम मस्यौदामा समितिले स्वीकृति दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम स्वीकृति दिइएकोमा समितिले प्रस्तावक वा लगानीकर्तासंग सम्झौता गर्नु पर्नेछ ।

(६) यस नियम बमोजिम सम्झौताको लागि वार्ता सम्पन्न भइसकेपछि तथा सम्झौता हुनुपूर्व लगानीकर्ताले दस्तुर वापत परियोजना लागतको शून्य दशमलव एक प्रतिशत रकम नगरपालिकाको बैङ्क खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(७) यस नियम बमोजिम स्वीकृत भएको सम्झौता समितिले नगरपालिकाको वेबसाइटमा समेत प्रकाशन गर्न सक्नेछ ।

(८) यस नियमावलीको अधीनमा रही समितिले अन्यथा निर्णय गरेकोमा बाहेक सार्वजनिक निजी साझेदारी अवधारणामा कार्यान्वयन हुने परियोजनाको हकमा त्यस्तो परियोजनामा लगानी स्वीकृत भएको मितिले छ महिनाभित्र र निजी लगानी सम्बन्धी परियोजनाको हकमा त्यस्तो परियोजनामा लगानी स्वीकृत भएको मितिले तीन महिनाभित्र परियोजना लगानी सम्झौता सम्पन्न गरिसक्नु पर्नेछ ।

(९) उपनियम (८) बमोजिमको अवधिभित्र सम्झौता सम्पन्न हुन नसकेमा त्यस्तो परियोजनाको लगानी स्वीकृति स्वतः रद्द भएको मानिनेछ र यसरी रद्द भएको जानकारी सम्बन्धित लगानीकर्तालाई दिनु पर्नेछ ।

**२६. परियोजना कार्यान्वयनका लागि समन्वय र सहजीकरणः** ऐनको दफा ११ तथा दफा १३ बमोजिम पहिचान भै सूची स्वीकृत गरेको परियोजनाको कार्यान्वयन गर्नका लागि समितिले आवश्यक समन्वय तथा सामन्जस्य कायम गर्ने कार्य गर्नेछ ।

**२७. एकल विन्दु सेवाको संयन्त्रः** (१) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको हकमा लगानीकर्तालाई प्रदान गरिने सेवामा एकरुपता, दक्षता तथा सहजता एवम् निर्णयमा सीघ्रता कायम हुने कुराको सुनिश्चितताका लागि समितिले नगरपालिकामा सार्वजनिक निजी साझेदारी एकाइमा रहने गरी एकल विन्दू सेवा केन्द्रको संस्थागत व्यवस्था गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको एकल विन्दु सेवा केन्द्रमा नगरपालिकाका कर्मचारीको अतिरिक्त स्थानीय तह मातहतका विभिन्न सम्बन्धित निकायका कर्मचारी रहन सक्नेछन् ।

(३) उपनियम (१) बमोजिमको एकल विन्दु सेवा एकाइको संरचना तथा कार्यसन्चालन विधि समितिले स्वीकृत गरी लागू गर्नेछ ।

**२८. सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्थाः** (१) नियम २५ बमोजिम सम्झौता गर्नु अघि लगानीकर्ताले कार्यसम्पादन वापत परियोजनाको कुल लागत अनुमानको शून्य दशमलव शून्य पांच प्रतिशतले हुने रकम वा सो बराबरको रकमको बैङ्क जमानत पेश गर्नु पर्नेछ ।

(२) नियम बमोजिमको सम्झौतामा उल्लिखित शर्त बमोजिमका जिम्मेवारी र दायित्व लगानीकर्ताले बहन गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम सम्झौता कार्यान्वयन गर्दा लगानीकर्ताले सम्झौताका शर्तको अधीनमा रही सम्झौता भएको मितिले पैतालीस दिनभित्र कार्यान्वयन कार्ययोजना बनाई समितिमा पेश गर्नु पर्नेछ ।

**२९. कम्पनी दर्ता गर्नु पर्नेः** (१) लगानी स्वीकृति प्राप्त संस्थागत लगानीकर्ताको कम्पनी स्थापना नभएको अवस्थामा संस्थागत रुपमा परियोजना कार्यान्वयन गर्नु अगावै प्रचलित कानुन बमोजिम कम्पनी दर्ता गर्नु पर्नेछ ।

(२) लगानीकर्ता व्यक्ति भएको हकमा कर चुक्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

**३०. वातावरणीय लेखाजोखा अध्ययन गर्नु पर्नेः** (१) परियोजनाको प्रकृति अनुसार त्यस्तो परियोजना कार्यान्वयन गर्न प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भएमा लगानीकर्ताले

परियोजना लगानी स्वीकृतिको जानकारी प्राप्त गरेको मितिले ६ महिनाभित्र बातावरणीय अध्ययन गर्नु वा गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गरिने वातावरणीय अध्ययनको क्षेत्र निर्धारण, कार्यसूची, विषयवस्तु, तथा प्रतिवेदनको ढांचा प्रचलित कानुन बमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिम तयार भएको प्रतिवेदनको हस्ताक्षरित दुई प्रति समितिमा पेश गर्नु पर्नेछ र सोको सफ्ट प्रति समेत विद्युतीय हस्ताक्षरको उपयोग गरी समितिलाई उपलब्ध गराउनु पर्नेछ तथा समितिले त्यस्तो प्रतिवेदन उपर आवश्यक जांचबुझ गरी कुनै निकायबाट रायसुझाव लिनु पर्ने भएमा सो समेत प्राप्त गरी आफ्नो राय वा सुझाव सहितको सिफारिस स्वीकृतिका लागि सम्बन्धित निकायमा पठाउनेछ।

(४) यस नियम बमोजिम वातावरणीय अध्ययन सम्बन्धी कार्यको समन्वय र सहजीकरण नगरपालिकाको सार्वजनिक निजी साझेदारी एकाइले गरिदिनेछ।

(५) उपनियम (३) बमोजिम प्राप्त प्रतिवदन अध्ययन, विश्लेषण गर्दा कुनै कुरा थप अध्ययन गर्नु पर्ने वा परिमार्जन गर्नु पर्ने भएमा सिफारिस सहितको राय वा सुझावको आधारमा प्रतिवेदन परिमार्जन गर्नका लागि लगानीकर्तालाई समितिले जानकारी गराउनेछ। यसरी जानकारी गराएकोमा लगानीकर्ताले पन्ध्र दिनभित्र आफूले पेश गरेको प्रतिवेदन परिमार्जन गरी पेश गर्नु पर्नेछ।

(६) यस नियमावली बमोजिम लगानी स्वीकृत भएको परियोजनाको कार्यान्वयन गर्दा लगानीकर्ताले वातावरणीय प्रभाव म”ल्याङ्कन अध्ययनका लागि वन तथा वातावरण सम्बन्धी अनुमति लिनु पर्ने भएमा समितिले प्रचलित कानुन बमोजिम त्यस्तो अनुमति समेत प्रदान गर्नेछ।

**३१. <u>कार्यसम्पादन जमानत जफत हुन सक्ने</u>:** लगानीकर्ताले मनासिव माफिकको कारणविना सम्झौतामा उल्लिखित अवधिभित्र परियोजनाको निर्माण वा कार्यान्वयन गर्न प्रारम्भ नगरेमा वा मनासिव कारणविना परियोजना निर्माण वा कार्यान्वयनको उपलब्धि वा नतिजामूलक सूचक बमोजिम हासिल नगरेमा वा सम्झौतामा उल्लिखित शर्त उल्लंघन गरेमा कार्यसम्पादन जमानत (परफर्मेन्स बण्ड) वापत ऐनको दफा ३० बमोजिम पेश गरेको बैङ्क जमानत रकम जफत गरिनेछ।

**३२. <u>अनुमतिपत्रको अवधि निर्धारणका आधार</u>:** (१) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाका लागि ऐनको दफा ३१ बमोजिम प्रदान गरिने अनुमतिपत्रको अवधि देहायका आधारमा निर्धारण गरिनेछः

(क) परियोजनाको प्रकृति,

(ख) परियोजनाको लागत,

(ग) अनुमति प्राप्त व्यक्तिले परियोजना सन्चालन गर्दा उठाउन पाउने शुल्क,

(घ) अनुमति प्राप्त व्यक्तिले नगरपालिकालाई बुझाउनु पर्ने कर, रोयल्टी वा अन्य प्रकारको रकम,

(ङ) परियोजना सन्चालनबाट अनुमति प्राप्त व्यक्तिले प्राप्त गर्न सक्ने मनासिव मुनाफा,

(च) परियोजना निर्माण गर्न लाग्ने कुल अवधि तथा अनुमति प्राप्त व्यक्तिले शुल्क उठाई परियोजना सन्चालन गर्न पाउने अवधि,

(छ) परियोजनाको वित्तीय स्रोत,

(ज) परियोजनामा नगरपालिका वा नगरपालिका मातहतका निकायले संयुक्त लगानी गरे वा नगरेको कुरा ।

(२) उपनियम (१) बमोजिम दिइने अनुमतिपत्रको अवधि तीस बर्षभन्दा बढी नहुने गरी सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको प्राथमिकतामा रहेको कुनै परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्दा सोको सम्भाव्यता अध्ययन तथा परियोजना समेतलाई लगानी तथा निर्माणका दृष्टिले सम्भाव्य बनाउनु पर्ने देखिएमा समितिको सिफारिसमा नगरपालिकाले त्यस्तो परियोजनाको लागि अनुमतिपत्रको अवधि बढीमा पचास बर्षका लागि कायम गर्न सक्नेछ ।

(४) उपनियम (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति उत्पन्न भई अनुमतिपत्रको अवधि बढाउन आवश्यक परेको कारण खुलाई अवधि थप गर्नका लागि अनुमतिपत्र प्राप्त व्यक्तिले म्याद समाप्त हुनुभन्दा पन्ध्र दिन अगावै समिति समक्ष निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिव देखि समितिले सिफारिस गरेमा परियोजनाको प्रकृतिको आधारमा नगरपालिकाले उपनियम (१) बमोजिमको अवधिमा बढीमा पांच बर्षसम्म अनुमतिपत्रको अवधिको म्याद थप गर्न सक्नेछ ।

**३३. <u>परियोजना कार्यान्वयनको अनुगमन तथा सुपरीवेक्षण:</u>** (१) सार्वजनिक निजी साझेदारीका परियोजना कार्यान्वयनलाई नतिजामूलक र प्रभावकारी बनाउनका लागि लागि समितिले नियमित रुपमा अनुगमन तथा सुपरीवेक्षण गर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा सुपरीवेक्षण गर्ने प्रयोजनका लागि समितिले सोको कार्ययोजना बनाई स्रोत साधन र जनशक्तिको व्यवस्था गर्नेछ र नगरपालिकाको आवधिक तथा बार्षिक विकास समीक्षाको कार्यमा यसलाई समेत एकाकार गर्नेछ ।

(३) समितिसंग सम्झौता भई कार्यान्वयन भएको परियोजनाको अनुगमनका लागि ऐनको दफा ६६ बमोजिमको अनुगमन तथा सहजीकरण एकाइले गर्नेछ ।

(४) उपनियम (३) मा उल्लिखित अनुगमन तथा सहजीकरण एकाइमा नगरपालिका मातहतका सम्बन्धित विषयका प्राविधिक, विज्ञ तथा कर्मचारी रहनेछन् ।

(५) उपनियम (२) बमोजिम अनुगमन तथा सुपरीवेक्षण गर्दा कार्ययोजना वा कार्यतालिका बमोजिम परियोजना कार्यान्वयन नभएको वा कार्यान्वयनको नतिजामूलक सूचक बमोजिम उपलब्धि हासिल नभएको पाइएमा सात दिनको म्याद दिई लगानीकर्तासंग परियोजना निर्माण, कार्यान्वयन वा सन्चालन हुन नसकेको सम्बन्धमा समितिले स्पष्टीकरण माग गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम लगानीकर्ताले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण मनासिव नदेखिएमा समितिले बढीमा तीन महिनासम्मको वा सम्झौतामा उल्लेख भए बमोजिमको म्याद दिई त्यस्तो म्यादभित्र कार्ययोजना र कार्यतालिका बमोजिम परियोजनाको कार्यान्वयन गर्न सक्ने गरी सुधार गर्ने मौका दिनेछ ।

(७) उपनियम (६) बमोजिम दिइएको म्यादभित्र परियोजना कार्यान्वयनमा सुधार भएको नतिजामूलक सूचक बमोजिम उपलब्धि हासिल हुन नसकेमा समितिले त्यस्तो लगानीकर्तालाई थप तीन महिनासम्मको म्याद दिई सो म्यादभित्र समितिबाट सुधारको कार्ययोजना र कार्यतालिका स्वीकृत गराई परियोजनाको कार्यान्वयनमा सुधार गर्न सचेत गराउनेछ ।

(८) उपनियम (७) बमोजिमको म्यादभित्र सम्बन्धित लगानीकर्तो परियोजना कार्यान्वयनको कार्ययोजना र कार्यतालिका समितिबाट स्वीकृत गराई सोही बमोजिम परियोजना कार्यान्वयन गर्नु पर्नेछ ।

**३४.** **अनुमतिपत्र रद्द हुनेः** (१) लगानीकर्ताले सम्झौतामा उल्लिखित अवधिभित्र परियोजनाको कार्यान्वयन प्रारम्भ गरिसक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र परियोजना कार्यान्वयन प्रारम्भ गर्न नसकिने मनासिव माफिकको कारण भएमा त्यस्तो कारण खुलाई सम्बन्धित लगानीकर्ताले त्यस्तो अवधि भुक्तान नहुँदै म्याद थपका लागि समिति समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको निवेदनको व्यहोरा मनासिव देखिएमा समितिले परियोजना प्रारम्भ गर्न बढीमा एक महिना म्याद थप गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम समितिले म्याद थप नगरेमा वा त्यसरी थप गरिएको म्यादमा समेत परियोजनाको कार्यान्वयन प्रारम्भ नभएमा सम्झौताको अधीनमा रही त्यस्तो अनुमतिपत्र रद्द हुनेछ ।

(५) कुनै परियोजनाले नियम ३३ को उपनियम (६) बमोजिम कार्ययोजना सहितको कार्यतालिका स्वीकृत नगराएमा वा स्वीकृत कार्ययोजना र कार्यतालिका बमोजिम परियोजना कार्यान्वयन नगरेमा वा परियोजना कार्यान्वयन भएतापनि कार्ययोजना बमेजिमको नतिजामूलक सूचक र उपलब्धि हासिल गर्न नसकेमा समितिले कारण र आधार खुलाई त्यस्तो परियोजनाको लगानी अनुमति रद्द गरी सोको जानकारी गराउनेछ ।

## परिच्छेद ५
## परियोजना हस्तान्तरण सम्बन्धी व्यवस्था

**३५.** **परियोजना हस्तान्तरण गर्नेः** सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन भएका परियोजना ऐनको दफा ३८  को उपदफा (१)  बमोजिम हस्तान्तरण गर्दा परियोजना र सोसंग सम्बन्धित घर, जग्गा, मेसिन, उपकरण तथा संरचना चालु हालतमा नगरपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ । त्यसरी हस्तान्तरण गर्दा त्यस्तो परियोजना सन्चालनका लागि अत्यावश्यक हुने सीप तथा प्रविधि समेत हस्तान्तरण गर्नु पर्नेछ ।

**३६.** **परियोजनाको स्वामित्वः** नियम  बमोजिम हस्तान्तरण भएको परियोजना तथा सोसंग सम्बन्धित वस्तुको स्वामित्व नगरपालिकाको हुनेछ ।

**३७.** **हस्तान्तरण भएको परियोजनाको सन्चालनः** (१) नियम ३५ बमोजिम हस्तान्तरण भएको परियोजना सन्चालन गर्ने उपयुक्त व्यवस्था समितिको सिफारिसमा नगरपालिकाले गर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित लगानीकर्ताले नै सोही उपनियम बमोजिम हस्तान्तरण भएको परियोजना सन्चालन गर्न योजना र क्षमता सहित निवेदन दिएमा नगरपालिकाले समितिको सिफारिसमा परियोजनाको स्वामित्व आफैमा रहने गरी लगानीकर्तासंग सो प्रयोजनका लागि छुट्टै परियोजना सम्झौता गरी त्यस्तो सम्झौतामा उल्लिखित अवधिसम्मका लागि परियोजना सन्चालन गर्न दिन बाधा पुग्ने छैन ।

## परिच्छेद ६
## लगानीकर्तालाई प्रदान गरिने सुविधा, सहुलियत तथा प्रोत्साहन

३८. **थप सुविधा सम्बन्धी व्यवस्थाः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिलाई प्रचलित कानुन बमोजिम प्राप्त हुने सुविधाका अतिरिक्त ऐनको दफा ५९ बमोजिम देहायको थप सुविधा प्रदान गर्न समितिले नगरपालिका समक्ष सिफारिस गर्न सक्नेछः

(क) परियोजनामा प्रयोग हुने निर्माण सामग्रीमा उपयोग हुने पूंजीगत अनुदान,

(ख) परियोजना कार्यान्वयन गर्दाका बखत प्रयोग हुने विद्युत महसुलको आंशिक अनुदान,

(ग) परियोजना कार्यान्वयन गर्न सहुलियत दरमा नगरपालिकाको स्वामित्व भएको जग्गा वा सार्वजनिक जग्गा उपलब्ध गराउने व्यवस्था,

(घ) प्रचलित कानुन बमोजिम पाउने छुट र सहुलियतका अतिरिक्त नगरपालिकाले प्रदान गर्न सक्ने स्थानीय कर छुट,

(ङ) नगरपालिकाको स्वामित्वमा रहेका मौजुदा पूर्वाधार संरचनाको निःशुल्क वा सहुलियत दरमा प्रयोग गर्न पाउने व्यवस्था,

(च) समितिको सिफारिसका आधारमा नगरपालिकाले उपयुक्त देखेका आर्थिक तथा अन्य सुविधा,

(छ) सार्वजनिक निजी साझेदारीका परियोजना उत्कृष्ट रुपले कार्यान्वयन गर्ने लगानीकर्तालाई दिइने प्रोत्साहन र पुरस्कार ।

३९. **परियोजनालाई प्राप्त हुने सुविधा र सहुलियतको सदुपयोग गर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिलाई ऐन वा यस नियमावली बमोजिम जुन प्रयोजनको लागि सुविधा वा सहुलियत दिइएको हो सोको उपयोग सोही प्रयोजनका लागि मात्र गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिलाई ऐन वा यस नियमावली बमोजिम उपलब्ध गराइएको सुविधा वा सहुलियत उपयोगको विषयमा अनुगमन तथा सहजीकरण समितिले अनुगमन गरी समिति समक्ष आवधिक रुपमा प्रतिवेदन पेश गर्नेछ ।

(३) उपनियम (१) को प्रतिकूल हुने गरी प्रचलित कानुन, यस ऐन वा यस नियमावली बमोजिम प्राप्त हुने सुविधा वा सहुलियत उपयोग गरेमा त्यस्तो सुविधा वा सहुलियतको दुरुपयोग भएको मानिनेछ ।

(४) उपनियम (३) बमोजिम सुविधा वा सहुलियत दुरुपयोग भएको पाइएमा त्यस्तो सुविधा वा सहुलियत रद्द नगर्नु पर्ने कुनै कारण र आधार भए सोको सफाइ पेश गर्न सात दिनको म्याद दिई सम्बन्धित लगानीकर्तासंग समितिले स्पष्टीकरण माग गर्नेछ ।

(५) उपनियम (४) बमाजिमको म्यादभित्र स्पष्टीकरण पेश नभएका वा पेश भएको स्पष्टीकरण मनासिव नदेखिएमा त्यस्तो परियोजनालाई ऐन वा यस नियमावली बमोजिम प्रदान गरिएका सुविधा वा सहुलियत ऐनको दफा को उपदफा बमोजिम रद्द गरी जरिवाना समेत गरिनेछ ।

## परिच्छेद ७
## समितिको सन्चालन तथा पदाधिकारी

४०. **समितिको विज्ञ सदस्यको योग्यता:** ऐनको दफा ६३ को उपदफा (२) को खण्ड (ज) बमोजिम मनोनित विज्ञ सदस्यको योग्यता देहाय बमोजिम हुनेछ:

(क) सम्बन्धित विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको,

(ख) विकास पूर्वाधार विकास वा निर्माण वा परियोजना व्यवस्थापन विषयमा कम्तीमा पांच बर्षको अनुभव भएको,

(ग) कुनै राजनीतिक दलको सदस्य नभएको,

(घ) पैंतीस बर्ष उमेर पूरा भएको ।

४१. **स्वघोषणा गर्नु पर्ने**: (१) ऐनको दफा ६३ को उपदफा (२) को खण्ड (ज) बमोजिम समितिमा मनोनित सदस्यले समितिको पहिलो बैठकमा भाग लिनु अघि देहायका विवरण सहितको स्वघोषणा गरी समितिसमक्ष पेश गर्नु पर्नेछ:

(क) नगरपालिकासंग भएको कुनै ठेक्कापट्टा वा सार्वजनिक खरिदसंग सम्बन्धित करारमा निज वा निजको परिवारको कुनै सदस्य पक्ष रहे वा नरहेको र रहेको भए सोको विवरण,

(ग) ऐन बमोजिम कार्यान्वयन हुने परियोजनाको लगानीमा निज वा निजको परिवारको कुनै सदस्यको हिस्सा वा शेयर रहे वा नरहेको र रहेको भए सोको विवरण,

(घ) नगरपालिकाले माग गरेका अन्य विवरण ।

(२) उपनियम (१) बमोजिमको स्वघोषणा समितिका पदेन सदस्यले समेत गर्नु पर्नेछ ।

(३) कुनै सदस्यले स्वघोषणा गरेको विषयमा कुनै परिवर्तन भएमा सम्बन्धित सदस्यले समितिलाई सोको जानकारी गराउनु पर्नेछ ।

(४) कुनै सदस्यले स्वघोषणा गरेको विषयमा समितिमा प्रश्न उठी छलफल गर्नु पर्ने भएमा अदालतले आदेश गरेमा बाहेक सो विषय सार्वजनिक गरिने छैन ।

४२. **बैठकमा भाग लिनु नहुने**: (१) समितिको बैठकको कार्यसूचीमा समावेश भएको कुनै विषयमा कुनै सदस्यको निजी स्वार्थ रहेको भएमा सम्बन्धित सदस्यले त्यस्तो बैठकमा भाग लिनु हुंदैन ।

(२) उपनियम (१) बमोजिमको प्रयोजनका लागि "निजी स्वार्थ" भन्नाले कुनै सदस्य वा निजको परिवारको सदस्यको कुनै किसिमको हक, हित, स्वार्थ वा सरोकार रहेको देहायको विषय सम्झनु पर्छ:

(क) परियोजना वा लगानीकर्ता छनौट सम्बन्धी विषय,

(ख) लगानीको अनुमति दिने विषय,

(ग) लगानीका लागि दिइएको अनुमतिपत्र रद्द गर्ने विषय,

(घ) परियोजनाको वातावरणीय परीक्षण सम्बन्धी विषय,

(ङ) परियोजना कार्यान्वयनको अनुगमन एवम् सुपरीवेक्षण तथा मूल्याङ्कनको विषय,

(च) परियोजना हस्तान्तरण वा हस्तान्तरण भएको परियोजनाको सन्चालनको विषय,

(छ) परियोजनालाई दिइने थप सुविधा वा प्रोत्साहन वा लगानीको संरक्षण सम्बन्धी विषय,

(ज) समितिले नगरपालिकाको सहमति लिई निजी स्वार्थ अन्तर्गत पर्ने भनी तोकेका अन्य विषय ।

४३. **गोपनीयता कायम राख्नु पर्ने**: समितिका सदस्य, सदस्य सचिव वा समितिको कार्यसंग प्रत्यक्षरुपमा सलग्न हुनु पर्ने नगरपालिकाका कर्मचारीले पदीय हैसियतमा काम गर्दा आफ्नो जानकारीमा आएको गोप्य राख्नु पर्ने सूचना वा विवरण आधिकारिक व्यक्ति बाहेक अन्यलाई उपलब्ध गराउन, सोको स्रोत खोल्न वा त्यस्तो सूचना वा विवरण निज वा निजको परिवारको कुनै सदस्यको लाभ, हित वा फाइदाको लागि प्रयोग गर्न वा गराउन हुंदैन ।

४४. **समितिको अन्य काम, कर्तव्य र अधिकार**: ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक निजी साझेदारीका लगानी प्रवर्द्धन गर्न नीति, कानुन तथा पद्धति निर्माण गर्न वा सुधार गर्न नगरपालिकालाई सुझाव दिने,

(ख) नगरपालिकामा सार्वजनिक निजी साझेदारीमा लगानी गर्न स्वदेशी तथा विदेशी लगानीकर्तालाई आग्रह वा आमन्त्रण गर्ने,

(ग) सार्वजनिक निजी साझेदारी लगानी प्रवर्द्धनका लागि विभिन्न निकायसंग समन्वय, सामन्जस्य र सम्पर्क कायम गर्ने,

(घ) सार्वजनिक निजी साझेदार लगानी प्रवर्द्धनका लागि प्रवर्द्धनात्मक क्रियाकलापको आयोजना गर्ने, अभिमुखीकरण गर्ने तथा अन्तरक्रिया गर्ने,

(ङ) सार्वजनिक निजी साझेदारी एकाइ तथा अनुगमन तथा सहजीकरण एकाइलाई क्रियाशील तथा जवाफदेही तुल्याउन आवश्यक उपाय अवलम्वन गर्ने,

(च) नगरपालिकाले तोकेका अन्य कार्य गर्ने ।

४५. **जवाफदेहिता तथा आचारसंहिता एवम् सुविधा सम्बन्धी व्यवस्था:** समिति तथा सार्वजनिक निजी साझेदारी एकाइ तथा अनुगमन तथा सहजीकरण एकाइका सदस्यको जवाफदेहिता तथा आचारसंहिता एवम् सुविधा सम्बन्धी व्यवस्था नगरपालिकाले गर्नेछ ।

## परिच्छेद ८

## सम्भाव्यता न्यून परिपूरक कोष तथा अन्य कोषको सञ्चालन सम्बन्धी व्यवस्था

४६. **सम्भाव्यता न्यून परिपूरक कोषको सञ्चालन तथा व्यवस्थापन:** (१) ऐनको दफा ६८ बमोजिम स्थापना भएको सम्भाव्यता न्यून परिपूरक कोषको सञ्चालन तथा व्यवस्थापन समितिले गर्नेछ ।

(२) सम्भाव्यता न्यून परिपूरक कोषको रकम नगरपालिकाले प्रचलित कानुन बमोजिम स्थापित "क" बर्गको बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) सम्भाव्यता न्यून परिपूरक कोषको रकमबाट समितिको सिफारिसमा नगरपालिकाले गरेको निर्णय बमोजिम ऐनको दफा ६८ बमोजिम परियोजनाको लागि अनुदान वा सहुलियतपूर्ण ऋण उपलब्ध गराइनेछ ।

(४) समितिले सम्भाव्यता न्यून परिपूरक कोषबाट परियोजनाको पूंजीगत तथा सञ्चालन अनुदान वा सहुलियत ऋण उपलब्ध गराउन देहायका आधारमा सिफारिस गर्न सक्नेछ ।

(क) प्राविधिक दृष्टिले उपयुक्त तर लगानीको दृष्टिले कम प्रतिस्पर्धा भएको परियोजना वित्तीय रुपमा सम्भाव्य बनाउनु पर्ने भएमा,

(ख) परियोजनासंग सम्बन्धित विषयमा समितिबाट विश्लेषण भई पूंजीगत तथा सञ्चालन अनुदान वा ऋण सहुलियत दिने भनी निर्क्यौल भएमा,

(ग) परियोजनालाई सम्भाव्य बनाउने अन्य विकल्प पर्याप्त र उपयुक्त नदेखिएमा,

(घ) नगरपालिकाको नीति, योजना तथा कार्यक्रमभित्र परेका तर नगरपालिकाका तर्फबाट तत्काल कार्यान्वयन गर्न नसकिने भएमा,

(ङ) समितिले समय समयमा तोकेका अन्य आधारमा ।

(५) सम्भाव्यता न्यून परिपूरक कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

४७. **जोखिम न्यूनीकरण तथा क्षतिपूर्ति कोषको व्यवस्था:** (१) ऐनको दफा ६९ बमोजिम सार्वजनिक निजी साझेदारीमा सन्चालित परियोजनाको परियोजना सम्बद्ध जोखिमको न्यूनीकरण गर्न तथा गैरपरियोजना सम्वद्ध क्रियाकलापबाट परियोजनालाई हुने हानी नोक्सानी व्यहोर्ने तथा क्षतिपूर्ति उपलब्ध गराउने गरी परियोजनालाई आर्थिक रुपमा सुरक्षित तुल्याउन नगरपालिकाले नगरसभाको स्वीकृति लिई जोखिम न्यूनीकरण तथा क्षतिपूर्ति कोषको स्थापना गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कोषको कार्यक्षेत्र, कार्यसञ्चालन विधि तथा प्रक्रिया समितिको सिफारिसमा नगरपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिमको कोषमा नगरपालिकाले बार्षिक रुपमा कार्यक्रम र बजेटमा समावेश गरी रकम विनियोजन गर्नेछ ।

(४) उपनियम (१) बमोजिमको कोष सन्चालनको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

४८. **क्षतिपूर्ति निर्धारण सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ५० बमोजिम हानी नोक्सानी परेका पक्षले समिति समक्ष त्यस्तो हानी नोक्सानीको क्षतिपूर्तिको लागि तथ्यगत प्रमाणका आधारमा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा सोको जांचबुझ स्वतन्त्र रुपमा गर्नका लागि विज्ञ सहितको कार्यदल समितिले गठन गरी जिम्मेवारी दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम गठित कार्यदलको कार्यक्षेत्रगत शर्त समितिले तोक्नेछ ।

(४) उपनियम (२) बमोजिम गठित कार्यदलले तोकिएको समयावधि भित्र क्षतिको मूल्याङ्कन गरी राय सहितको प्रतिवेदन समिति समक्ष पेश गर्नेछ ।

(५) उपनियम (४) बमोजिमको प्रतिवेदनको आधारमा समितिको सिफारिसमा क्षतिको निर्धारण गरी हानी नोक्सानी गर्ने पक्षबाट नगरपालिकाले त्यस्तो क्षतिपूर्ति भराइ दिनु पर्नेछ ।

## परिच्छेद ९
## कार्यसम्पादनको समीक्षा

४९. **कार्यसम्पादनको समीक्षा गर्ने:** (१) सार्वजनिक निजी साझेदारीबाट सन्चालित परियोजनाको कार्यसम्पादनको स्थितिको आवधिक तथा बार्षिक रुपमा समितिले गर्नेछ ।

(२) सार्वजनिक निजी साझेदारीबाट नगरपालिकाले सन्चालन गर्ने परियोजनाको कार्यसम्पादन सम्बन्धी एकीकृत व्यवस्थापन सूचना प्रणाली स्थापना गरी तथ्यगत आधारमा परियोजनाको कार्यसम्पादनको अनुगमन तथा समीक्षा समितिले गर्नेछ ।

(३) सार्वजनिक निजी साझेदारीबाट सन्चालन हुने परियोजनाको कार्यान्वयन तहको समस्याको पहिचान गरिनेछ र समाधानका लागि प्राथमिकता सहित विशेष प्रयास समितिले गर्नेछ ।

५०. **कार्यसम्पादन प्रगतिको प्रतिवेदन पेश गर्ने:** नगरपालिकाले नगरसभामा सार्वजनिक निजी साझेदारी अन्तर्गत सञ्चालित परियोजनाको कार्यसम्पादनको आर्थिक तथा प्राविधिक स्थिति, परियोजनाको कार्यान्वयनबाट प्राप्त उपलब्धि तथा प्राप्त भएको लाभ, परिआएका समस्या, समस्या समाधानका लागि अपनाइएका उपाय, सुधारका लागि भविष्यमा अवलम्वन गरिने उपाय, आदि उल्लिखित कार्यसम्पादन प्रतिवेदन पेश गर्नेछ र नगरसभाबाट भएको मार्गदर्शन बमोजिम सार्वजनिक निजी साझेदारीका परियोजनाको अवधारणागत, संरचनागत तथा कार्यसम्पादन सुधारका उपायको अवलम्वन नगरपालिकाले गर्नु पर्नेछ ।

५१. **सार्वजनिक सुनुवाइ गर्ने:** नगरपालिकाले सार्वजनिक निजी साझेदारी अन्तर्गत सन्चालित परियोजनाको कार्यसम्पादन र उपलब्धिका वारेमा सरोकारवाला तथा सर्वसाधारणलाई सुसूचित गराउने तथा सुधारका लागि पृष्ठपोषण एवम् सुझाव प्राप्त गर्नका लागि प्रत्येक बर्ष सार्वजनिक सुनुवाइ गर्नु पर्नेछ ।

५२. **कानुनी परीक्षण गर्ने:** नगरपालिकाले सार्वजनिक निजी साझेदारी ऐन र नियमावलीको कार्यान्वयनको स्थिति, कार्यान्वयनको उपलब्धि र प्रभाव तथा कानुनी सुधारका प्राथमिकता तथा उपाय पहिल्याउन स्वतन्त्र रुपमा कानुनी परीक्षण गराउनेछ ।

## परिच्छेद १०
## विविध

५३. **अधिकार प्रत्यायोजन र अख्तियारनामा:** (१) सार्वजनिक निजी साझेदारी अन्तर्गतका परियोजनाको कार्यलाई छिटोछरितो तथा जवाफदेही तुल्याउन एवम् उपलब्ध साधनस्रोत तथा जनशक्तिको अधिकतम परिचालन गर्ने गरी नगरपालिकाले समितिलाई र समितिले नगरपालिकाका सम्बन्धित कर्मचारीलाई कार्यसम्पादन र नतिजाको मापदण्ड तोकी जवाफदेहिताको स्तर स्पष्ट हुने गरी अधिकार प्रत्यायोजन गर्ने उपाय अवलम्वन गरिनेछ ।

(२) समितिबाट भए गरेका निर्णयको समितिका तर्फबाट कार्यान्वयन गर्ने, पत्राचार गर्ने जिम्मेवारी सहितको अख्तियारी दिई समितिको कार्यसन्चालन गरिनेछ ।

(३) सार्वजनिक निजी साझेदारी अन्तर्गतका परियोजनाको कार्यान्वयनको सिलसिलामा अनुमति प्राप्त व्यक्तिले आफ्नो विश्वासका व्यक्तिलाई वा अनुमतिप्राप्त संस्थाले आफु मातहतका पदाधिकारीलाई अधिकार र उत्तरदायित्व स्पष्ट हुने गरी अख्तियारनामा दिन सक्नेछ ।

(४) उपनियम (१) बमोजिम गरिएको अधिकार प्रत्यायोजनको समीक्षा नगरपालिकाले गर्नेछ ।

५४. **सार्वजनिक निजी साझेदारी बडापत्रमा उल्लेख गरिने विवरण:** ऐनको दफा ७४ मा उल्लिखित सार्वजनिक निजी साझेदारी सम्बन्धी बडापत्रमा प्रदान गरिने सेवाका प्रकार, सेवा प्राप्त गर्नका लागि आवश्यक पर्ने कागजात तथा प्रमाणजन्य विवरण, लाग्ने दस्तुर, सेवा प्राप्त भइसक्ने अधिकतम समयावधि, सेवा दिने कर्मचारी, समयमा सेवा प्राप्त हुन नसकेमा उजुरी गर्ने विन्दु, उजुरी उपर सुनुवाइ भइसक्ने अवधि, गुनासो सुन्ने कर्मचारी, समयमा उजुरी उपर कारवाही नभएमा वा गुनासो समाधान नभएमा हुनसक्ने कारवाही समेतको विषय उल्लेख गरिनेछ ।

५५. **मार्गदर्शन, निर्देशिका वा कार्यविधि बनाई लागू गर्ने:** ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयनका लागि समितिको सिफारिसमा नगरपालिकाले आवश्यक पर्ने मार्गदर्शन, निर्देशिका वा कार्यविधि बनाई लागू गर्नेछ ।

५६. **नियमावलीमा भएको व्यवस्थाको व्याख्या:** यस नियमावलीमा भएका प्रावधानको कार्यान्वयनमा विवेकको प्रयोग, सहजता, समानता तथा एकरुपता ल्याउनका लागि सो सम्बन्धी व्याख्या नगरसभाले गर्नेछ ।

५७. **सुसूचित र अनुशिक्षण गर्ने:** ऐन र नियमावलीमा भएको व्यवस्थाका बारेमा वडा तथा समुदायस्तरमा पर्याप्त र उपयुक्त तवरले सुसूचित गर्ने तथा अनुशिक्षण गर्ने कार्य नगरपालिकाले गर्नेछ ।

५८. **नियमावलीमा संशोधन:** नगरपालिकाले नियमावलीलाई समयसापेक्ष रुपमा उपयुक्त तथा कार्यान्वयनका दृष्टिले प्रभावकारी तुल्याउन समितिको सिफारिसमा आवश्यकता अनुसार संशोधनको प्रस्ताव तयार गरी नगरसभामा प्रस्तुत गर्नेछ ।

*** *** ***

## अनुसूची १

(नियम ३२ को उपनियम १ संग सम्बन्धित)

## नगरपालिकालाई बुझाउनु पर्ने रोयल्टीको दर (उर्जा क्षेत्र)

१. अनुमतिप्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेको पन्ध्र बर्षसम्म प्रति जडित किलोवाट बार्षिक पचास रुपैयां र प्रति युनिट (किलोवाट घण्टा) सरदर विक्री मूल्यको एक प्रतिशतका दरले,

२. क्रमसंख्या १. मा उल्लिखित अवधिपश्चात अनुमतिप्राप्त व्यक्तिले प्रति जडित किलोवाट बार्षिक पांचसय रुपैयां र प्रति युनिट (किलोवाट घण्टा) सरदर विक्री मूल्यको पांच प्रतिशतका दरले,

३. वैकल्पिक उर्जा (सौर्य शक्ति वा वायु शक्ति) को हकमा जलविद्युत परियोजनाका लागि लाग्ने रोयल्टीको आधार रकम ।

## अनुसूची २
### (नियम १५  को उपनियम १ संग सम्बन्धित)

### प्रस्ताव सम्बन्धी कागजात खरिद गर्दा बुझाउनु पर्ने सेवा शुल्क

| क्र.सं. | पपरियोजना लागत (रु.) | सेवा शुल्क |
|---|---|---|
| १. | १ करोड भन्दा कम | रु. १,०००।०० |
| २ | १ करोड देखि १० करोड सम्म | रु. १,५००।०० |
| ३ | १० करोड देखि २५ करोड सम्म | रु. २,५००।०० |
| ४ | २५ करोड देखि ५० करोड सम्म | रु. ३,०००।०० |
| ५ | ५० करोड देखि १ अर्ब सम्म | रु. ४,०००।०० |
| ६ | १ अर्ब भन्दा बढी | रु. ५,०००।०० |

## अनुसूची ३
(ऐनको दफा २४ संग सम्बन्धित)

## समझदारी पत्रमा उल्लेख गर्नु पर्ने विवरण

१. परिभाषा:
२. उद्देश्य:
३. कम्पनी वा व्यक्तिको दायित्व र जिम्मेवारी:
४. समयवद्ध कार्ययोजना र कार्यतालिका:
५. नगरपालिकाको अधिकार तथा दायित्व एवम् जिम्मेवारी:
६. कार्यसम्पादन वापतको जमानत:
७. सूचना र जानकारीको आदान प्रदान:
८. परियोजना अवधि:
९. समझदारीपत्र बहाल रहने वा नरहने अवस्था:
१०. समझदारी भङ्ग हुन सक्ने अवस्था:
११. कम्पनी वा व्यक्तिको प्रतिनिधित्व र जमानी:
१२. अन्य महत्वपूर्ण विवरण:

## अनुसूची ४

(नियम २० को उपनियम १ संग सम्बन्धित)

### सर्वेक्षण अनुमति प्राप्त गर्दा तथा म्याद थप गर्नु पर्दा लाग्ने दस्तुर

**(क) जलविद्युत**

| क्र.सं. | जडान क्षमता | अनुमतिपत्र दस्तुर | म्याद थप दस्तुर |
|---|---|---|---|
| १ | २५ मेगावाटसम्म | प्रतिबर्ष एकमुष्ट रु २५ हजार रुपैयां | प्रति बर्ष रु ५ हजार रुपैयां |
| २ | २५ मेगावाट भन्दा बढी ५० मेगावाट सम्म | प्रतिबर्ष एकमुष्ट रु ४० हजार रुपैयां | प्रति बर्ष रु १० हजार रुपैयां |
| ३ | ५० मेगावाटभन्दा बढी | प्रतिबर्ष एकमुष्ट रु ५० हजार रुपैयां | प्रति बर्ष रु १५ हजार रुपैयां |

**(ख)** **वैकल्पिक उर्जा** (सौर्य शक्ति, वायु शक्ति, खनिज, कोइला, प्राकृतिक ग्यांस वा वायोमास वा फोहोरमैला लगायत अन्य कुनै पदार्थ वा साधनको उपयोगबाट) उत्पादनको सर्वेक्षण अनुमतिपत्रका लागि प्रति मेगावाट प्रतिबर्ष १ हजार रुपैयां ।

**(ग) नगरपालिकाको स्वामित्वको सम्पत्ति र संरचना तथा पूर्वाधारको व्यावसायिक उपयोग**

| क्र.सं. | परियोजना लागत (रु.) | अनुमति दस्तुर |
|---|---|---|
| १. | १ करोड भन्दा कम | रु. २,०००।०० |
| २ | १ करोड देखि १० करोड सम्म | रु. २,५००।०० |
| ३ | १० करोड देखि २५ करोड सम्म | रु. ३,०००।०० |
| ४ | २५ करोड देखि ५० करोड सम्म | रु. ४,०००।०० |
| ५ | ५० करोड देखि १ अर्ब सम्म | रु. ५,०००।०० |
| ६ | १ अर्ब भन्दा बढी | रु. १०,०००।०० |

## अनुसूची ५
## (नियम  २० को उपनियम (७) संग सम्बन्धित)

## सर्वेक्षण अनुमतिपत्रको ढांचा

महाशय,

तपाईंले .......... परियोजना कार्यान्वयनको सम्बन्धमा सर्वेक्षण अनुमतिका लागि दिनु भएको निवेदन उपर नगरपालिकाको मिति को निर्णय अनुसार सार्वजनिक निजी साझेदारी नियमावली, २०८१ को नियम को उपनियम बमोजिम देहाय बमोजिमको सर्वेक्षण अनुमतिपत्र प्रदान गरिएको छः

१. अनुमति पाउने कम्पनी, व्यक्ति वा संस्थाको नाम र ठेगानाः
२. परियोजनाको नामः
३. जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने भए जलस्रोतको नाम वा अन्यको भए सोही अनुसारको स्रोतः
४. जलविद्युत उत्पादको लागि सर्वेक्षण गरिन भए जलस्रोतको नाम वा अनयको भए सोही अनुसारको स्रोतः
५. प्रस्तावित क्षेत्रः
   (क) नगरपालिकाको वडा नं तथा वडाहरु .....
   (ख) चार किल्लाः
   पूवं ...... पश्चिम ....... उत्तर ........ दक्षिण ...........
६. सर्वेक्षणको प्रकृतिः (सरकारी वा निजी जग्गा, यातायात पूर्वाधार तथा परिवहन, वन यस्तै प्रकारको परियोजनाको प्रकृति खुलाउने)
७. अनुमतिपत्र बहाल रहने अवधिः मिति देखि मिति सम्म
८. अन्य आवश्यक शर्तः
   (क)
   (ख)
   (ग)
९. प्रचलित कानुन बमोजिम अन्य नियमनकारी निकायबाट अन्य कुनै विषयमा अनुमति वा स्वीकृति लिनु पर्ने भए सोको विवरणः

अनुमतिपत्र दिने अधिकारीको
हस्ताक्षरः
नामः
कार्यालयः
मितिः

कार्यालयको छाप

## अनुसूची - ६

(नियम २२ को उपनियम १ संग सम्बन्धित)

**लगानी स्वीकृतिको लागि निवेदन (नेपालीका लागि)**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगर कार्यपालिकाको कार्यालय ।

........ परियोजनाका लगानी स्वीकृतिको लागि सार्वजनिक निजी साझेदारी नियमावली, २०८१ को नियम बमोजिम देहायका विवरण खुलाई यो निवेदन पेश गरेको छु:

१. निवेदक कम्पनी, व्यक्ति वा संस्थाको नाम र ठेगाना:
२. परियोजनाको किसिम:
३. लगानी गर्ने नगरपालिकाको क्षेत्र र वडा नम्बर:
४. परियोजना क्षेत्रको चार किल्ला:
   पूवं ...... पश्चिम ....... उत्तर ........ दक्षिण ...........
५. लगानीको किसिम:
६. परियोजनाको अनुमानित लागत (स्वपूंजी र ऋणलगानीको अनुपात) रु. ......( पुष्ट्याइं तथा विवरण संलग्न गर्नु पर्ने)
७. लगानी गर्ने अवधि: मिति देखि मिति सम्म
८. अन्य आवश्यक विवरण:
   (क)
   (ख)
   (ग)

माथि उल्लिखित व्यहोरा ठीक सांचो हो झुट्ठा ठहरे कानुन बमोजिम सहुंला बुझाउंला ।

निवेदकको,
हस्ताक्षर
नाम थर:
ठेगाना:
संस्थागत वा व्यक्तिगत प्यान नम्बर:

कम्पनी वा संस्था भए सोको छाप

## अनुसूची ७

(नियम २२ को उपनियम ५ संग सम्बन्धित)

**लगानी अनुमतिपत्रको ढांचा**

महाशय,

............................परियोजनाको अध्ययन तथा विकास गर्नका लागि तपाईंले निवेदन दिनु भएकोमा समितिको मिति .................................को निर्णय अनुसार यस नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०८० को दफा  बमोजिम ऊक्त परियोजनामा लगानी स्वीकृति प्रदान गरेकोले यस नगरपालिकाको सार्वजनिक निजी साझेदारी नियमावली, २०८१ को नियम  को उपनियम  बमोजिम लगानी अनुमतिपत्र प्रदान गरिएको छः

१. अनुमति पाउने कम्पनी, व्यक्ति वा संस्थाको नाम र ठेगानाः

२. लगानी हुने परियोजनाको नामः

३. परियोजनाको किसिमः

४. स्वीकृत जम्मा लगानी रकमः
   - (क) स्वपूंजीः
   - (ख) ऋण रकम र सोको स्रोतः
   - (ग) अन्यः

५. स्थानीय साझेदारको विवरणः

६. परियोजना लगानीको प्रस्तावित क्षेत्रः
   - (क) नगरपालिकाको वडा नं  तथा वडाहरु .....
   - (ख) चार किल्लाः

     पूर्व ...... पश्चिम ....... उत्तर ........ दक्षिण ...........

६. लगानी गरिने परियोजनाको प्रकृतिः

७. लगानी बहाल रहने अवधिः मिति  देखि मिति  सम्म

८. अन्य आवश्यक शर्तः
   - (क)
   - (ख)
   - (ग)

९. प्रचलित कानुन बमोजिम अन्य नियमनकारी निकायबाट अन्य कुनै विषयमा अनुमति वा स्वीकृति लिनु पर्ने भए सोको विवरणः

लगानी स्वीकृति दिने अधिकारीको
हस्ताक्षरः
नामः
कार्यालयः
मितिः

कार्यालयको छाप

## अनुसूची ८

(नियम २५ को उपनियम १ संग सम्बन्धित)

### परियोजना विकास सम्झौताको ढांचा

१. परिभाषा तथा तिनको व्याख्या:

२. परियोजना लगानी अनुमतिपत्रको प्रारम्भ हुने मिति र अवधि:

(क) मिति:

(ख) अवधि:

३. सम्झौताका शर्तहरु:

४. परियोजना अनुगमनको संस्थागत व्यवस्था तथा अधिकार र जिम्मेवारी तथा दायित्व:

५. परियोजना पुनरावलोकनका लागि विज्ञ समूहको व्यवस्था, अधिकार एवम् जिम्मेवारी:

६. परियोजना लगानीको स्रोतको व्यवस्था:

७. परियोजना विकास अन्तर्गत तयारी योजना, निर्माण, सन्चालन व्यवस्था तथा सोको तरिका:

८. परियोजनाका लागि जग्गा प्राप्ती सम्बन्धी व्यवस्था:

९. नगरपालिकाको कर तथा अन्य छुट सम्बन्धी व्यवस्था:

१०. नगरपालिका, समिति तथा नगरपालिकाका अन्य निकायको जिम्मेवारी र दायित्व:

११. लगानीकर्ताको जिम्मेवारी र दायित्व:

१२. रोयल्टी शुल्क तथा जमानत सम्बन्धी व्यवस्था:

१३. परियोजना व्यवस्थापनको काबू बाहिरको परिस्थिति र सम्भाव्य जोखिम तथा जोखिम व्यवस्थापनका उपाय:

१४. अधिकार र हिस्सेदारी बांडफांड सम्बन्धी व्यवस्था:

१५. शर्त पूरा नभएको र सम्झौता भङ्ग हुने अवस्था:

१६. विवाद समाधान:

१७. प्रतिनिधित्व तथा वारेण्टी:

१८. अन्य महत्वपूर्ण विषय:

## अनुसूची ९

(नियम २५ को उपनियम १ संग सम्बन्धित)

**परियोजना लगानी सम्झौताको ढांचा**

१. परिभाषा तथा तिनको व्याख्याः

२. परियोजना लगानीको प्रारम्भ हुने मिति र अवधिः

  (क) मितिः

  (ख) अवधिः

३. परियोजनाको समयसीमाः

४. लगानी सम्झौताका शर्तहरुः

५. परियोजनाले समेटेको क्षेत्रः

६. परियोजना स्थल र सोको चार किल्लाः

७. परियोजना लगानी अनुगमन तथा सहजीकरणको संस्थागत व्यवस्था तथा अधिकार र जिम्मेवारी तथा दायित्वः

६. लगानीको स्वामित्व र स्रोतको व्यवस्थाः

८. परियोजनाका लागि नगरपालिकाबाट प्राप्त हुने आर्थिक तथा अन्य सुविधा एवम् सहुलियतः

९. परियोजना लगानी अन्तर्गत तयारी योजना, लगानी परिचालन व्यवस्था तथा सोको तरिकाः

१०. नगरपालिका, समिति तथा नगरपालिकाका अन्य निकायको जिम्मेवारी र दायित्वः

११. लगानीकर्ताको जिम्मेवारी र दायित्वः

१२. परियोजना सन्चालन तथा व्यवस्थापनको काबू बाहिरको परिस्थिति र सम्भाव्य जोखिम तथा जोखिम व्यवस्थापनका उपायः

१३. शर्त पूरा नभएको र सम्झौता भङ्ग हुने अवस्थाः

१४. विवाद समाधानः

१७. प्रतिनिधित्व तथा वारेण्टीः

१८. अन्य महत्वपूर्ण विषयः

**आज्ञाले**

कैलास बहादुर ठकुराठी

प्रमुख प्रशासकीय अधिकृत